# टाइगरको नयाँ घर



लेखक : टङ्क चौलागाईं

चित्राङ्कनकर्ता : उज्वल तामाङ

यो पुस्तक सन् २०२० जुलाई-अगष्टमा रुम टु रिड, ग्लौबल अफिसले आयोजना गरेको कथा लेखन कार्यशाला Children during the time of COVID-19 मा लेखिएको हो । रुम टु रिडले काम गरिरहेका विभिन्न १० देशका २० जना लेखक सहभागी यस कार्यशालाबाट स्थानीय भाषामा कोरोना महामारीका विविध आयामबारे कथा लेखिएको थियो ।

This story is written during the writers' workshop on ***Children during the time of COVID-19*** organized by Room to Read Global Office in July-August, 2020. 20 writers from 10 Countries where Room to Read is working participated in the workshop and they wrote the stories on different dimensions of COVID-19 in their local language.

# टाइगरको नयाँ घर
# Tiger's New Home

NP-LLP-20-0011
First published in Nepali Language
Copyright © Room to Read 2020
All rights reserved.

ISBN : 9789937736152

Room to Read®

Founded in 2000 on the belief that World Change Starts with Educated Children®, Room to Read's innovative model focuses on deep, systemic transformation within schools in low-income communities during two time periods that are most critical in a child's schooling: early primary school for literacy acquisition and secondary school for girls' education. We work in collaboration with local communities, partner organizations, and governments to develop literacy skills and a habit of reading among primary school children and ensure girls can complete secondary school with the skills necessary to negotiate key life decisions. Room to Read has benefited 16.6 million children across more than 30,000 communities in 16 countries. Learn more at www.roomtoread.org.

Room to Read
Post Box 21103, Kathmandu, Nepal
Phone: 4102127, 4102128, 4266948
E-mail: nepal@roomtoread.org
Web: www.roomtoread.org


# टाइगरको नयाँ घर



Room to Read
यो किताब साक्षरता कार्यक्रम अन्तर्गत उपलब्ध गराइएको हो।
बिक्री गर्न पाइने छैन।

लेखक : टङ्क चौलागाईं
चित्राङ्कनकर्ता : उज्वल तामाङ
सम्पादक : अनन्त वाग्ले






सहरको ठुलो मोटर ग्यारेजमा एउटा कुकुर बस्थ्यो। त्यो खैरो कुकुर बाघजस्तै ठुलो र बलियो थियो। त्यसैले मालिकले उसको नाम टाइगर राखेका थिए।




ग्यारेजमा आउनेहरू उसलाई माया गर्थे। खानेकुरा खान दिन्थे। 'टाइगर ! उफ्री', 'टाइगर ! हात ले', 'लौं खुर्र दौडी', 'सलाम गर', 'यो हड्डी खा'। आदेश पाउने बित्तिकै टाइगर मानिसले भनेजस्तै गर्थ्यो।






एकाएक बन्दाबन्दी सुरु भयो। ग्यारेजमा मान्छे आउन छाडे। सबै ठाउँ बन्द भए। शहरका मानिस गाउँ फर्किए।

ग्यारेज पनि बन्द भयो। ग्यारेज मालिकले बन्द केही दिन मात्र होला भन्ने सोचे। केही खानेकुरा राखिदिए र बुढो पालेलाई टाइगर हेर्न भनेर उनी हिँडे।







पाले टाइगरलाई पुऱ्याइ पुऱ्याइ खानेकुरा दिन्थे।
टाइगर राम्ररी अघाउनै पाएन।



लौं झन् बर्बाद भयो। बुढो पाले
बिरामी भएर अस्पताल भर्ना भए।
अब टाइगर एक्लो भयो।









टाइगर कहिले खोरमा त कहिले यताउता घुमी बस्थ्यो । उ कहिले गाडीमाथि उक्लिएर बस्यो ।

भोकले सताएपछि उ साह्रै निरास भयो । खानेकुराको खोजीमा भौँतारियो ।





भौं... भौं...
भौं... भौं...



एकदिन गेट बाहिर मास्क र पन्जा लगाएका मान्छेहरू आए। गेटको सानो चेपबाट उसले देख्यो। मान्छेले सडकका कुकुर, बाँदर र परेवालाई खानेकुरा बाँडे। टाइगर कुइँकुइँ बेस्सरी करायो। तर उसले कराएको कसैले बुझेनन्।




भौँ... भौँ...



जोड जोडले कराएपछि एकजनाले
ढोकाको प्वालबाट बिस्कुट
फालिदियो। टाइगर खुशी भयो।







राती ठुलो पानी पऱ्यो। जस्ताको छाना बेस्सरी बज्यो। उसलाई बसिरहेको आफ्नै घर असुरक्षित लाग्यो। टाइगर रातभरि कुइँकुइँ गरी रोयो।




ग्यारेज नजिकै घर भएकी बुढीआमाले राति कुकुर कुइँकुइँ रोएको सुनेकी थिइन् । बिहानै बार्दलीबाट हेरिन् । भात ल्याएर ग्यारेजभित्र छिराइ दिइन् । 'हेर कुकुर एक्लै छोडेछन् । पालेबुढो अस्पतालमा छ क्यारे ।', बुढीआमा फतफताइन् । भात खान पाएर टाइगर खुशी भयो ।








'बाहिर भए जसरी पनि खान्थेँ। अब यहाँ बस्दैँ बस्दिनँ। 'जसरी पनि बाहिर निस्कन्छु।' उसले सोच्यो। पर्खाल चढ्ने कोशिस गऱ्यो। तर पर्खालबाट सिधैँ ग्यारेजमा खस्यो। उसको अगाडिको पन्जामा चोट लाग्यो। तैँपनि हार खाएन। प्रयास गरिरह्यो, गरिरह्यो।



एकदिन टाइगर छानामा चढ्न सफल भयो। पर परसम्म देख्न पाएर उ रमायो। बिस्तारै तल हेर्‍यो। तैपनि तल जान सक्छुजस्तो लागेन।









सडकमा फदाल्ने आँट गर्‍यो। अगाडिका खुट्टाले हातले जस्तैं समाएर शरीरको पछाडिको भाग  बिस्तारैं सडकतिर खसाल्यो। तर डरले उसको सात्तो गयो। फेरि छानामैं बस्यो।






छानाबाट निकैबेर हेरिरह्यो । पल्लो घरको बार्दलीमा भात ल्याइदिने आमैलाई देख्यो र झन् कुइँकुइँ करायो र भुक्यो ।





बुढीआमैंले ग्यारेजको छानामा कुकुर देखिन् । उनले आफ्नी नातिनीलाई पनि देखाइन् । 'त्यति माथि कसरी चढेको होला, अब कसरी निकाल्ने होला हजुर आमा ?' नातिनीले भनिन् ।







हजुरआमा र नातिनीले सल्लाह गरे। लामो काठ ल्याए। काठलाई छानामा अड्याएर राखिदिए।

'ल नडराइ आइज।' नातिनीले भनिन्। टाइगर ओर्लन डरायो। उनले बिस्कुट दिइन्। बिस्कुट पछ्याउँदै टाइगर बिस्तारै काठबाट झर्‍यो।



तल पुग्नेबित्तिकै टाइगर खुशीले नाच्यो । दुवै हजुरआमा नातिनीलाई चाटेर धन्यवाद जनायो । उनीहरूले पनि मायाले उसलाई सुमसुम्याए ।

'हजुरआमा, यसलाई हाम्रै घरमा लैजाउँ हुन्न ?' नातिनीले जिद्दी गरिन् ।

टाइगरले बुझेझैं गरी पुच्छर हल्लायो । हजुरआमाले सहमती जनाइन् ।







अब टाइगरले नयाँ घर पायो।
खाना र माया पनि पायो।

## लेखक



टङ्क चौलागाईं आख्यान लेखक हुन् । बालसाहित्य लगायत विविध विधामा उनले कलम चलाएका छन् । 'काठमाडौँ गीत' उनको चर्चित उपन्यास हो । चौलागाईं अभिनय तथा नाटक निर्देशनमा पनि सक्रिय छन् । उनले नेपाल र भारतका विभिन्न स्थानमा नाटक प्रदर्शन गरेका छन् । रुम टु रिडको कथालेखन कार्यशालामा सहभागी भइसकेका उनको यसअघि 'धुवाँको संसार' नामक चित्रपुस्तक प्रकाशित छ ।

## चित्राङ्कनकर्ता



उज्वल तामाङले त्रिभुवन विश्वविद्यालयबाट चित्रकलामा उच्च शिक्षा हाँसिल गरेका छन् । उनले विभिन्न प्रकाशन संस्थामार्फत बाल साहित्यका थुप्रै पुस्तकमा चित्र बनाएका छन् । उनी रुम टु रिडद्वारा आयोजित चित्रकला कार्यशालाहरूमा पटक पटक सहभागी भइसकेका छन् । उनी एनिमेसन कलामा पनि दख्खल राख्छन् । रुम टु रिडबाट यसअघि उनले 'जरायोको साइकल', 'चञ्चलेको यात्रा', 'पुरानो डुङ्गा', 'हाम्रो हात्ती' लगायतका पुस्तकमा चित्राङ्कन गरिसकेका छन् ।

कोरोना महामारीबाट संसारभरिका मानिस प्रभावित भए। मानिस मात्र होइन, यसबाट अन्य जीवजन्तु पनि प्रभावित भए। महामारीका कारण एक्लो हुन पुगेको एउटा कुकुरबारे थाहा पाउन 'टाइगरको नयाँ घर' पढौँ।

COVID-19 is affected the people all around the world. Not only the human being other animals are also suffered from this. Please read the story 'The Dog's new Home' to know all about a lonely dog effected by the pandemic.

Room to Read®

शिक्षित बालबालिकाबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ।®



9 789937 736152